


## नृत्य ज्ञानका लागि उपयुक्त ग्रन्थ

# हिमानी नाट्य मीमांसा

काठमाडौं । भैरवबहादुर थापा आत्रेय नेपाली नृत्य एवं नाच क्षेत्रमा लोकप्रिय नाम हो । आफ्नै नामबाट भैरव नृत्य दल खोलेर नेपाली नाच एवं नृत्यको विकासमा लाग्नुभएकावरिष्ठ नृत्य विशेषज्ञ थापाले नृत्यसम्बन्धी पुस्तक 'हिमानी नाट्य मीमांसा' पाठकसमक्ष ल्याउनुभएको छ ।

यसअघि थापाको नेपाली नृत्य र शारीरिक प्रवेशिका (२०२२), ढोक कविता संग्रह (२०३०), हिंड्दाहिंड्दै बनेका तस्बिरहरू (२०६५), समर्पण (२०६७) प्रकाशित भइसकेका छन् । विगतका पुस्तक जस्तै हिमानी नाट्य मीमांसा त्यत्तिकै अनुसन्धानमूलक र खोजप्रधान रहेको छ । पुस्तकमा ज्ञानगोचर खण्ड र प्रयोगात्मक खण्ड गरी दुई खण्ड रहेको छ । नृत्य विज्ञ थापाले यो पुस्तकमार्फत विभिन्न नृत्य सिक्ने सैद्धान्तिक र व्यावहारिक गरी दुवै ज्ञान दिनुभएको छन् ।

पुस्तकको पहिलो खण्डलाई उँहाले तीन भागमा विभाजन गर्नुभएको छ । जसमध्ये पहिलो भागमा नेपाल सम्भाव्यताबारे प्रकाश पारेका छन् । यस्तै नृत्यका प्राचीन मुद्रा, राश नृत्य, मुकुण्डोधारी नृत्यको सचित्र चर्चा गरेका छन् । यस्तै, संगीत एवं सभ्याता, बाजाका प्रारूपहरू, नेपाली नाट्यशास्त्रको मूल स्रोत, सांकेतिक भाषा र नृत्यको विकासक्रम, नेपालीसभ्यता पनि पहिलो भागमा थापाले समेट्नुभएको छ । यसैगरी, दोस्रो भागमा घन्टा, घंगला र घुँगुरू, पैजनबारे चर्चा गरिएको छ । यो खण्डमा नृत्यको उत्पत्ति र विकास, नृत्यको परिचय र महत्व, नृत्य र चित्रकला, नृत्यका प्रकार, नेपाली लोकमुद्राको परिचय समेटिएको छ ।

तेस्रो भागमा भेसभुषा र शृंगार, रंगमञ्च र प्रकाश व्यवस्था, नाट्यक्रम, भावहरू, दिशाको परिचय, सञ्चारी भाव जस्ता विविध पक्ष समेटिएको छ । पुस्तकको प्रयोगात्मक खण्डमा सात भाग छ । नृत्य सिक्न चाहनेहरूका लागि सबै भाग महत्वपूर्ण छन् । किनकि मुद्राबाट नृत्य सिक्ने सजिलो होस् भनेर थापाले पुस्तकमा हरेक नृत्यको मुद्रा चित्र, त्यसको भावभंगीको चित्र प्रस्तुत गर्नुभएको छ ।

दोस्रो खण्डको पहिलो भागमा लय र तालको परिचय, पाउको परिचय र पाउ टेकाइका प्रकारहरू, दोस्रो भागमा आंगिक चालका प्रकार, हथुँगो, मुट्ठी, मुड्कीका प्रकारहरू समेटिएको छ । यस्तै, तेस्रो भागमा औंला ज्ञान, औंलाहरूका परिचय एवं विशेषता, चौथो भागमा हातका चालहरू, कुइना, पाँचौं भागमा कुम, छाती, पेट, ढाड, कम्मर नितम्बलाई नृत्यमा कसरी चलाउने भन्ने पुस्तकमा उल्लेख गरिएको छ । छैटौं भागमा आँखा, आँखी भौं परेला, नाक, ओठ, जिब्रो, दाँत, गाला, चिउँडो, घाँटी, शिर र कपालको अवस्था एवं नृत्यमा यसको परिचालनबारे चर्चा गरिएको छ । पुस्तको दोस्रो खण्डको सातै भागमा आसन र नवरसबारे उल्लेख गरिएको छ ।

पुस्तकलाई नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको हो । २५४ पृष्ठको यो पुस्तकको मूल्य ३ सय २५ रूपैयाँ राखिएको छ । नृत्यमा रूचि राख्ने र नेपालका विभिन्न शास्त्रीय, लोक तथा विविध नृत्य सिक्न चाहनेलाई पुस्तकले मद्दत पुऱ्याउने छ ।